# गैर आवासीय नेपाली संघ फ्रान्सको बिधान (२००६, २०११, २०१५, २०२१ को संशोधन सहित)

(गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद फ्रान्स (एन आर एन ए, फ्रान्स) को फ्रान्सेली भाषाको मूल बिधानको नेपाली भाषामा अनुवादित विधान)

**प्रस्तावना:**

नेपालको विकास र प्रवर्धनमा टेवा पुर्‍याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि सन् २००३ मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुले एक भेलामा व्यापक छलफल गरियो । आफ्ना गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हनुपर्ने अवश्यकतालाई मनन गरि एक स्वतन्त्र, गैर नाफामुलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको रुपमा स्थापित गैर आवासीय नेपाली संघको बृहत्तर दायरा भित्ररही फ्रान्समा विविध गतिविधि संचालन गर्न सन् २००५ को जुलाई महिनामा ओबेरभिलिएमा एक भेला सम्पन्न गरियो । उक्त भेलाको निर्णय बमोजिम तदर्थ समिति गठन भई उक्त समितिले तयार गरेको विधान सन् २००६ मा स्थानिय प्रशासनवाट स्वीकृत भएको आधारमा राष्ट्रिय समन्वय परिषद गठन एवं संचालनका लागि यो बिधान बनाई लागू गरिएको छ । गैर आवासीय नेपाली संघ बिदेशमा बस्ने नेपालीहरु र नेपाली मूलका बिदेशीहरुलाइ एकत्रित गरि काम गर्ने नेपाली कानूनको अधिनमा स्थापना भएको संघ हो ।

**दफा १ : नामकरण**

यो संघ, फ्रेन्च सरकारको, १ जुलाई १९०१ को कानून र १६ अगष्ट १९०१ को फ्रेन्च सरकारको निर्णय (Decret) को अधिनमा रही, यो विधान अनुसार बनेका पन्जिकृत सदस्यहरुबाट स्थापना भएको छ। यो संघको सांकेतिक नाम फ्रान्सेली भाषामा ANEP-PONREF एन आर एन ए, एन सी सी फ्रान्स र अंग्रेजीमा NRNA, NCC France हुनेछ।

**दफा २ : उद्देश्य**

फ्रान्समा बस्ने नेपाली र नेपाली मूलका गैर आवासीय नेपाली संघ फ्रान्स (एनआरएनए) को उद्देश्य निम्न रहेको छ।

२.१ फ्रान्समा बसोबास गर्ने नेपाली समुदाय र नेपालको मित्र फ्रान्सेली समुदायसँग मित्रता अभिबृद्दी गर्ने।

२.२ फ्रान्समा नेपाललाई चिनाउने ।

२.३ नेपालको आर्थिक तथा प्राबिधिक प्रगतिको निमित्त काम गरेका बिदेशमा स्थापित नेपाली संघ-संस्था र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग निकट रही गैर आवासीय नेपाली संघ (NRNA) तथा यसको अन्तर्राष्ट्रिय समन्वय परिषद (आइसिसी) सँग विशेष सहकार्य गर्ने ।

२.४ फ्रान्समा बस्ने नेपालीहरु र फ्रान्सेलीहरुका अनुभवको माध्यमबाट फ्रान्समा भएका ज्ञान र शीपलाई नेपालीको हितमा लगाउन वातावरण सिर्जना तथा मद्दत गर्ने।

२.५ नयाँ पुस्ताका गैर आवासीय नेपालीहरुलाई नेपाल र नेपालीको सामिप्यमा राख्न विविध गतिबिधि गर्ने ।

२.६ फ्रान्समा बस्ने नेपालीहरुको हितलाई संरक्षण एवं प्रवर्धन गर्ने ।

२.७ फ्रान्समा बसोबास गर्ने नेपालीहरु र नेपाली भाषीहरुको स्थायित्व, सुरक्षित वैदेशिक रोजगार र समग्र हितकालागि क्रियाशिल रहने

२.८ माथिका उद्देश्यहरु प्राप्तिकालागि सांस्कृतिक, परम्परागत, साहित्यिक र आर्थिक रुपमा कार्यक्रमहरु आयोजना गर्ने ।

**दफा ३: प्रधान कार्यालय**

३.१ गैर आवासीय नेपाली संघ फ्रान्सको प्रधान कार्यालय ९३३०० ओबेरभिलिए सहरस्थित १२२ नम्बरको लेवपोल्ड रेशोसियर (122 rue Léopold Rechossière - 93 300 Aubervilliers) गल्लीको भवनको चौथो तलाको दाहिने फ्लाटमा रहेको छ । १६ मई २००९ को संघको साधारण महाधिबेशनले पारित गरि स्विकृत भएअनुसार यसको प्रधान कार्यालय ९३१२० ला कुरनभ सहरको ९१ नम्बरको आभीन्यु जँजोरेस (91 avenue Jean Jaurés - 93 120 La Courneuve) मा स्थानान्तरण भएको छ ।

२३ अगष्ट २०१५ को महाधिवेशनले पारित गरि यसको प्रधान कार्यालय २७ रु मौरिस लासाथ्र ९३१२० ला कुरनभ (27 Rue Maurice Lachatre- 93 120 La Coumeuve) मा स्थान्तरण गरेको छ।

३.२ यो संघको प्रधान कार्यालय कार्यकारी समितिको निर्णयले पेरिस क्षेत्र ओगट्ने ईल द फ्रंस डिपार्टमेन्ट (ILE DE FRANCE) भित्रको कुनै पनि सहरमा स्थान्तरण गर्न सक्ने छ । तर यस्तो निर्णय त्यसपछि हुने अधिवेशनबाट अनुमोदित हुनुपर्ने छ ।

३.३ पत्राचारको ठेगाना : कार्य समितिको प्रशासनिक कामको सुविधाको लागि पत्राचार गर्ने ठेगाना कार्य समितिले प्रधान कार्यालय भन्दा अन्यन्त्र सार्न वा तोक्न सक्ने छ ।

**दफा ४ : संघको कार्यकाल**

४.१ यो संघको कार्यकाल (आयु) असिमित छ।

**दफा ५ : संघमा प्रवेश तथा आवद्दता**

“गैर आवासीय नेपाली” भन्नाले नेपाली मुलको बिदेशी नागरिक वा दुई वर्ष भन्दा बढी नेपाल सरकारबाट खटीई बिदेश स्थित नियोगमा बहाल रहेको, बिदेशस्थित शिक्षणसंस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एशियाली सहयोग संगठन (सार्क) अन्तर्गतका मुलुकहरु बाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा ब्यवशाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँदछ । यसै अनुच्छेदमा उल्लेखित "नेपाली मुलका विदेशी नागरिक" भन्नाले कुनै ब्यक्ति साविकमा स्वयं वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको ब्यक्तिलाई जनाउँछ ।

फ्रान्समा दुई वर्ष भन्दा बढी समय बसोबास गर्ने १८ वर्ष उमेर पुगेका नेपाली र नेपाली मुलका गैर आवासीय नेपालीले यो संघमा निम्न अवस्थामा सदस्यता ग्रहण गर्न सक्नेछन् । फ्रान्समा बसोबास गरेको प्रमाणित गर्न निम्न कागजपत्र (सरकारी परिचयपत्र, फ्रान्स सरकारले मान्यता दिएको कुनैपनि प्रशासकिय कागजपत्र, कुनैपनि बिल (धारापानी, टेलिफोन, ईन्टरनेट, बिजुली, सार्वजनिक यातायात, बैंक खाता र अन्य) लाई मान्यता दिईने छ ।

५.१ यो संघको सिद्धान्त, बिधान र आचार संहितालाई आत्मासात् गरि पंजीकृत सदस्य हुन चाहने व्यक्ति ।

५.२ नेपाल सरकारको काम वा मातहतमा रहेर कुनै अध्ययन, अनुसन्धान वा कुनैपनि खालको आवद्द्तामा रही फ्रान्समा बसोबास गर्ने नेपालीहरु यो संघमा आबद्ध हनसक्ने छैनन् ।

५.३ संघको सदस्यता माग गर्न वा नविकरणको माग गर्नेको सदस्यता स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार कार्यसमितिलाई मात्र हुने छ।

५.४ सदस्यता माग वा नविकरणको माग स्वीकार वा अस्वीकार गरेको जानकारी कार्यसमितिको पदाधिकारीले सम्बन्धित व्यक्तिलाई दिने छ । सदस्यता स्वीकार भई सदस्यता शुल्क बुझाएको अवस्थामा संघले सम्बन्धित सदस्यलाई सदस्यता पत्र दिने छ ।

५.५ नेपाली मुलका बिदेशी नागरिकले यो संघको सदस्यता लिनको लागि निज अथवा निजको बुवा, आमा, बाजे, वा बज्यै कुनै बेला नेपाली नागरिक भएको प्रमाणित गर्नुपर्ने छ ।

५. ६ नेपाली मुलका बिदेशी नागरिकले दफा नंबर ५.५ मा भनेबमोजिम कुनैबेला नेपाली नागरिक भएको प्रमाण, निज आफैं उपस्थित भएर, फ्रान्समा कार्यरत कुनै पनि दर्ता भएको सामाजिक सस्था (राजनितिक बाहेक) अथवा पंजीकृत सदस्य अथवा रा. स. प. फ्रान्स कार्यसमिति को रोहवरमा, गैर आवासीय नेपाली संघ् राष्ट्रिय समन्वय परिषदको प्रतिनिधिलाई प्रस्तुत गर्नुपर्ने छ । त्यसो गर्न नसकेमा एनआरएनए फ्रान्सको पन्जिक्रित सदस्यले एनआरएनए कार्ड (एनआरएनए फ्रान्सको परिचय पत्र) अनुसारको आफ्नो परिचय पत्र खुलाएर सिफारिस गर्न सक्ने छ । त्यस्तो प्रमाणको आधारमा, अनुसूची नं: १ मा भएको फारम भरेर राष्ट्रिय समन्वय परिषद, फ्रान्सलाई संघको सदस्यताको लागि निबेदन दिनुपर्ने छ ।

५.७ अन्यत्र जे लेखेपनि राष्ट्रिय समन्वय परिषद फ्रान्सको सन्दर्भमा कुनै ब्यक्ति कुनैबेला नेपाली नागरिक भई पछि अन्य देशको नागरिकता प्राप्त गरी हाल फ्रान्समा कुनै पेशा, रोजगारि वा ब्यवशाय गरी स्थायी बसोवास गर्ने नेपाली भाषीले अन्य सबै प्रावधान पुरा गरि अनुसूची नं: १ अनुसार प्रमाणित गरेमा उक्त ब्यक्तिले गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, फ्रान्सको पन्जिक्रित सदस्यत बन्न सक्ने छ ।

५.८ गैर आवासीय नेपाली संघ, फ्रान्सको सदस्यता एक पटक प्राप्त गरिसकेको ब्यक्तिले आफ्नो सदस्यता नविकरण गर्न वा पुन प्राप्त गर्न पहिले प्राप्त गरेको सदस्यताको प्रमाण पेश गरेमा त्यस्तो ब्यक्तिलाई सदस्यता अनिवार्यरुपमा दिनुपर्ने छ । यदि सदस्यता शुल्क नतिरेको बाहेक अन्य कारणले अस्विकार गरिएमा राष्ट्रिय समन्वय परिषदले प्रमाणसहित अस्विकार भएको चित्तबुझ्दो कारण दिनुपर्ने छ ।

**दफा ६: संघको बनोट**

संघमा निम्न अनुसारका सदस्यहरु हुनेछन् ।

६.१ प्रारम्भिक सदस्य : दुई वर्ष भन्दा कम समय फ्रान्समा बसोबास गरेको नेपाली नागरिक वा नेपाली मुलका बिदेशी नागरिक संघका प्रारभिक सदस्य हुनेछन् । यस्ता सदस्यहरुले संघको सबै क्रियाकलापमा भाग लिन पाउनेछन् । तर राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उमेदवार हुन र मतदान गर्न पाउने अधिकार भने हुने छैन ।

६.२ साधारण सदस्य : फ्रान्समा बस्ने नेपलीको हितलाई ध्यानमा राखी फ्रान्समा दुई वर्ष भन्दा बढी बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मुलका बिदेशी नागरिक संघका साधारण सदस्य हुनेछन् ।

६. ३ पब्जिकृत सदस्य : साधारण सदस्य भएपछि तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु पब्जिकृत सदस्य मानिने छन् ।

६.४ सम्बद्ध सदस्य : नेपालीलाई सहयोग र प्रवर्धन गर्न चाहने नेपाली वा नेपाली मूल भन्दा वाहिरको व्यक्ति वा संस्था यो संघको सम्बद्ध सदस्य हुनेछ । यस्ता सदस्यहरुले संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् तर

राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उमेद्वार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन । सम्वद्द सदस्यता अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्ने छ । राष्ट्रिय समन्वय परिषदले सम्बद्द सदस्यताको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदलाई सिफारिस गर्नसक्ने छ । संस्थालाई संवद्दता प्रदान गर्ने कार्यविधि अन्तर्राष्ट्रिय समन्वय परिषदले तयार गर्ने छ ।

६.५ मानार्थ सदस्य : फ्रान्समा रहेको गैर आवासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकाशमा उल्लेखनीय योगदान पुर्याएका, फ्रान्समा बसोबास गर्ने नेपाली र नेपाली भाषीहरुको स्थायित्व, सुरक्षित बैदेशिक रोजगारमा सेवा गरेका व्यक्तिहरुलाई मानार्थ सदस्यताका लागि राष्ट्रिय समन्वय परिषदको सिफारिसमा अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नसक्ने छ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुने छैन । मानार्थ सदस्यता अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्ने छ । मानार्थ सदस्यताकोलागि अन्तर्राष्ट्रिय समन्वय परिषदलाई सिफारिस गर्नसक्ने छ । मानार्थ सदस्यता प्रदान गर्ने कार्यविधि अन्तर्राष्ट्रिय समन्वय परिषदले तयार गर्ने छ ।

६.६ संस्थापक सदस्य : यो संस्था स्थापनाकालागि शुरुदेखिनै महत्वपूर्ण भूमिका खेलेका, संस्थालाई फ्रान्समा जन्मदिने ब्यक्तिहरु यो संस्थाका संस्थापक सदस्य हुन् । हरिहर अर्याल (संस्थापक अध्यक्ष), पेम्वा शेर्पा, अशोक कुमार उपाध्याय, बिनोद कुमार शर्मा, अनुराधा पौडेल, कृष्ण प्रसाद अधिकारी, मैया (जिता) कटुवाल, कविन्द्र कायस्थ, काजी शेर्पा, मुकुन्द अमात्य र शोभा चन्द एनआरएनए फ्रान्सका संस्थापक हुन् ।

**दफा ७: सदस्यता शुल्क**

चालू वर्षको वार्षिक सदस्यता शुल्क रकम प्रतिवर्ष कार्यकारी समितिले तोक्ने छ र राष्ट्रिय समन्वय परिषदले पंजीकृत सदस्यहरुको विवरण र निर्धारित सदस्यता शुल्क तोकेको समयमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउनुपर्ने छ ।

**दफा ८: सदस्यताको समाप्ती, कर्तव्य र अधिकार**

निम्न अवस्थामा यो संघको सदस्यता समाप्त हुनेछ :

८.१ राजिनामा दिएमा

८.२ मृत्यु भएमा

८.३ संघ खारेज वा बिघटन भएमा

८.४ कार्यसमितिले तोकेको समय भित्र तोकेको शुल्क नबुझाएमा, संघको हित विपरीत, कुनै पनि काम गरेको वा गर्न लगाएको भन्ने लिखित उजुरी आएको अवस्थामा, सोको स्पष्टिकरण दिन नसकेको हकमा, कार्यसमितिको वहुमतले निर्णय गरेमा निजको पंजीकृत सदस्यता खारेज हुनेछ ।

८.५ प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुने छैन ।

८.६ यस बिधान, गैरआवासीय नेपाली संघका बिधान र राष्ट्रिय समन्वय परिषदका अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको कर्तव्य हनेछ।

८.७ पन्जिकृत सदस्यहरुलाई राष्ट्रिय महाधिबेशन र अन्तर्राष्ट्रिय महाधिबेशनमा भाग लिन पाउने तथा मतदान गर्ने हक हुनेछ । तर उनीहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्बाचित हुने पद र राष्ट्रिय समन्वय परिषदको

अध्यक्ष पदमा उमेदवार बन्न हक हुने छैन । यी पदहरुमा उमेदवार हुन घटीमा एक कार्यकाल राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय परिषदमा कार्य गरेको अनुभव हुनुपर्ने छ ।

**दफा ९: संघको आर्थिक श्रोतहरु र कोषहरू**

संघको आर्थिक श्रोतहरु र कोषहरू निम्न अनुसारका छन् :

९.१ शुल्क तिर्नुपर्ने सदस्यहरुले तिरेको शुल्कहरु ।

९.२ राज्य तथा सरकारी निकायहरु र संघ संगठनहरुको अनुदान सहयोग ।

९.३ श्रम तथा कुनै बस्तु वा सामग्री सहयोग तथा अनुदान ।

९.४ संघको विभिन्न कार्यक्रमहरुबाट प्राप्त मुनाफा तथा संघले सेवा दिएबापत पाउने सेवा शुल्क र संघको सर-समान तथा सम्पत्ति बिक्रीबाट हुने आय ।

९.५ वार्षिक बजेटबाट रहिआएको बचत ।

९.६ संघको दायित्वको रकमको ब्याज र अन्य सम्पतिबाट भएको आम्दानी।

९.७ कानूनले मान्यता दिएको अन्य आर्थिक श्रोतहरु ।

९.८ संघको नाममा बैंक वा अन्य बित्तिय संस्थाहरुमा खाताहरु खोल्न सकिने छ र कोषाध्यक्ष वा अध्यक्ष वा महासचिव मध्ये दुई जनाको सयुक्त हस्ताक्षरद्वारा संचालन हनेछ ।

९.९ आवश्यक परेमा राष्ट्रिय समन्वय परिषदले लेखा परीक्षक नियुक्त गरि वार्षिक रुपमा लेखा परीक्षण गराउने छ र सो परीक्षणको प्रतिबेदन महाधिवेशनमा पेश गरि अनुमोदन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जानकारी गराउने छ ।

९.१० राष्ट्रिय समन्वय परिषदको आयव्ययको विवरण फ्रान्सको संघ संस्थाको लेखा प्रणाली बमोजिम राखिने छ।

**दफा १० : कार्यकारी समिति - राष्ट्रिय समन्वय परिषद (क)**

१०.१ यो संघको उद्देश्यहरु कार्यान्वयन गर्ने काम महाधिवेशनबाट प्रत्येक दुई वर्षको लागि कार्यकारी समिति कति संख्याको हुने भन्ने निर्णय संघको पन्जिकृत सदस्य संख्याका आधारमा हुने छ । राष्ट्रिय समन्वय परिषदको पदाधिकारी तथा सदस्यको संख्या संवन्धि थ्रेसहोल्डको विधि अपनाईने छ । सदस्य संख्याको आधारमा २०० पन्जिक्रित सदस्य बराबर ११ जना, २०० भन्दा बढी पन्जिक्रित सदस्य भएमा हरेक १०० जनापिच्छे दुई सदस्य थपिने छ । तर ७०० भन्दा माथि पन्जिक्रित सदस्य भएमा भने २१ जना मात्र हुने छन् ।

१०.२ राष्ट्रिय समन्वय परिषदको गठन देहाए अनुसारको हुनेछ ।

अध्यक्ष-१, उपाध्यक्ष-२, महिला उपाध्यक्ष-१ । त्यसैगरि, महासचिव -१, सचिव -१, कोषाध्यक्ष-१ र आवश्यक ठानिएमा प्रवक्ता (मनोनित)- १ हुने छ । त्यस्तै, सह-कोषाध्यक्ष-१, महिला संयोजक -१, युवा संयोजक -१ र सदस्यहरु पदमुक्त हुने कार्यसमितिले निर्णय गरेअनुसारको संख्या नयाँ कार्यसमितिबाट दुई सदस्य घटाएर (२ सदस्य मनोनितको लागि राख्ने) तोकिने छन् ।

१०.३ पदमुक्त पदाधिकारी वा सदस्य पुन: उमेदवार हुन् योग्य हुने छन् तर एकै पदमा दुई कार्यकाल भन्दा बढी लगातार उमेदवार हुनसक्ने छैनन्।

**दफा ११: राष्ट्रिय समन्वय परिषद कार्यकारी समितिको काम कर्तव्य र अधिकार**

११.१ आवश्यक परेमा कार्यकारी समितिले १ वर्षको लागि आफ्नो कार्यकाल बढाउन सक्नेछ । यसो गरेमा यसपछि हुने अधिवेशनबाट यो निर्णयको अनुमोदन हुनुपर्नेछ ।

११.२ विविध विषयमा विभिन्न कार्यहरु सम्पादन गर्न कार्यकारी समितिले उप-समिति बनाउन सक्ने छ ।

११.३ कारणवश कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्य पदरिक्त भएमा कार्यसमितिले मनोनय गरी रिक्त स्थान पूर्ति गर्न सक्ने छ । यसरी मनोनयन भएका पदाधिकारी वा सदस्यको कार्यकाल साबिकमा बाँकी रहेको कार्यकाल मात्र हुनेछ ।

११.४ बहुमत संख्यामा कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरुले पदबाट राजिनामा दिएमा कार्यकारी समितिमा बाँकी रहेका पदाधिकारी तथा सदस्यहरुले तीन महिना भित्रमा विशेष अधिवेशन आयोजना गरि निर्वाचनद्वरा कार्यकारी समितिलाई पूर्णता दिनेछन् । यसरी पूर्णता पाएको कार्यकारी समितिको पदावधि बाँकी रहेको समय मात्र हुने छ ।

११.५ अन्तर्राष्ट्रिय समन्वय परिषद (आइसिसी) मा प्रतिनिधित्व गर्न यस राष्ट्रिय समन्वय परिषदको महाअधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य वा सदस्यहरुले यो संघ (एनसिसी) र गैर आवासिय नेपाली संघ (आइसिसी) बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछन् । निज (हरु) लाई राष्ट्रिय समन्वय परिषदको वैठकहरुमा आमन्त्रण गरिनेछ । वैठकमा निज (हरु) को मताधिकार हनेछैन । राष्ट्रिय समन्वय परिषदको अध्यक्षको निकट सम्पर्कमा रहि निजले अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गतिविधिहरुको जानकारी दिने छन्।

११.६ कार्यकारी समितिले संघको विभिन्न सभा, सम्मेलन तथा कार्यक्रमहरु तयार गरि संचालन गर्नेछ । कार्यकारी समितिले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठीहरु आयोजना गरि भाग लिनेछ।

११.७ चालु कार्यकारी समितिको पदावधि समाप्त हुनुअगावै नयाँ कार्यकारी समितिको निर्वाचन तयार गरि निर्वाचन गराउने छ। संस्थापक, संरक्षक, पूर्व अध्यक्ष, र पूर्व आइसीसीहरु मध्येबाट निर्बाचन आयोगको प्रमुखमा एक जनालाई अनिवार्य नियुक्त गर्नुपर्ने छ र निर्बाचन कमिटीमा निर्वाचन प्रमुख सहित बढीमा ५ जना सदस्यहरु रहने गरि निर्वाचन आयोग गठन गरिनेछ।

११.८ राष्ट्रिय समन्वय परिषदले संघका संस्थापक सदस्यहरु एवं पूर्व पदाधिकारीहरु र संघको हितको लागि योगदान दिएका व्यक्ति मध्येबाट योग्यता पुगेका व्यक्तिलाई प्रमुख संरक्षक, संरक्षक र प्रमुख सल्लाहकारमा मनोनित गर्नुपर्ने छ। संरक्षक परिषद र सल्लाहकार समितिका ब्यक्तिहरु एन. आर. एन. ए. फ्रान्सको पन्जिकित सदस्य हुनुपर्ने छ ।

११.९ राष्ट्रिय समन्वय परिषदले पंजीकृत सदस्यता जारी गर्ने छ र सोको विवरण र तोकेको शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदमा दाखिला गर्ने छ।

११.१० राष्ट्रिय समन्वय परिषद कार्यसमितिले संचालन गर्ने कृयाकलापहरुको अर्ध वार्षिक विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मार्फत एनआरएनएको केन्द्रिय कार्यालयमा पठाउनु पर्नेछ।

११.११ राष्ट्रिय समन्वय परिषद कार्यसमितिले अन्तर्राष्ट्रिय महाधिबेशन तथा विश्व सम्मेलनमा उपस्थित हुन दर्ता भएका पंजीकृत सदस्यहरुको विवरण समयमै अर्थात् अन्तर्राष्ट्रिय कार्यकारी समिति वा केन्द्रिय सचिवालयले तोकेको मिति बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पठाउनुपर्ने छ ।

११.१२ राष्ट्रिय समन्वय परिषद कार्य समितिले विधानको पालना गर्दै देश भित्र क्षेत्रीय वा स्थानीय समितिहरु गठन गर्ने, तिनीहरुलाई निर्देशन जारी गर्ने र बिघटन गर्नेछ ।

**दफा १२: कार्यकारी समिति (राष्ट्रिय समन्वय परिषद) को बैठक**

१२.१ कार्यकारी समितिको बैठक घटीमा वर्षको दुई पटक बस्नेछ । कार्यकारी समितिले आवश्यक ठानेको अन्य कुनैपनि समय र कार्यकारी समितिको २५ प्रतिशत पदाधिकारी वा सदस्यले बैठकको माग गरेमा बैठक बस्नेछ । महासचिवले लिखित पत्रद्वारा बैठक बोलाउनुपर्ने छ ।

१२.२ बैठकको निर्णय मान्य हुनको लागि ५१ प्रतिशत पदाधिकारी वा सदस्य उपस्थित हनुपर्नेछ।

१२.३ बैठकमा उपस्थित संख्याको बहुमतको आधारमा निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले मत दिन पाउने छन् र अध्यक्षको मतनै निर्णायक हुनेछ।

१२.४ कुनै अर्को पदाधिकारी वा सदस्यलाई अधिकार प्रत्यायोजन गरि मत प्रकट गर्न सकिनेछ तर एक सदस्यले एक भन्दा बढी प्रत्यायोजित मत लिन वा दिन र प्रयोग गर्न सक्नेछैन । यस्तो अधिकार प्रत्यायोजन पत्र यसै संघको कार्यकारी पदाधिकारी वा सदस्यलाई मात्र दिने वा लिने गर्न सकिने छ ।

१२.५ कुनैपनि पदाधिकारी वा सदस्य बिनासूचना लगातार तीन वटा बैठकमा भाग नलिएमा स्वत: राजिनामा गरे सरह भइ पद मुक्त हुनेछ ।

१२.६ २५ प्रतिशत पदाधिकारीले वा सदस्यहरुले बैठक बोलाउन लिखित अनुरोध गरेको अवस्थामा बाहेक सामान्य अवस्थामा बैठकको छलफलको विषय र कार्यतालिका अध्यक्षसँग परामर्श लिई महासचिवले तयार गर्ने छ ।

१२.७ गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य वा पदाधिकारी गैर आवासीय नेपाली संघ, फ्रान्सको पन्जिक्रित सदस्य रहेको अवस्थामा उक्त ब्यक्तिलाई कार्य समितिको हरेक बैठकमा आमन्त्रण गर्नुपर्ने छ । तर त्यस्ता ब्यक्तिको मताधिकार भने हुने छैन ।

१२.८ कार्यकारी समितिको बैठकमा छलफल हुने कुनै विषयमा राष्ट्रिय समन्वय परिषद भन्दा बाहिरको ब्यक्ति, बिज्ञ वा कुनैपनि विशेष जानकारिकालागि कुनै विशेष व्यक्तिले कुनै विषयमा प्रकाश पार्नुपर्ने भएमा त्यस्ता व्यक्तिलाई उक्त बैठकमा सल्लाहको लागि बोलाउन सकिने छ । तर तर निजको मताधिकार भने रहने छैन ।

१२.९ बैठकहरुको छलफल र निर्णयहरुलाई लिपिबद्द (माइनुट) गरिनेछ र त्यसमा अध्यक्ष र महासचिवले दस्तखत गर्नुपर्ने छ ।

१२,१० निबर्तमान अध्यक्षलाई कार्यसमितिको बैठकमा पत्रचार गरी उपस्थितको लागि आहवान गर्न सकिने छ । तर निजको मताधिकार रहने छैन ।

**दफा १३: अध्यक्ष**

१३.१ अध्यक्षले कार्यकारी समिति र महाअधिवेशनहरुको निर्णय कार्यान्वयन गर्ने गराउने र संघको कार्य सुचारुरुपले संचालन गर्नेछ ।

१३.२ नागरिक समाजमा तथा बैधानिक कार्यहरुमा संघको प्रतिनिधित्व अध्यक्षले गर्नेछन् । अध्यक्षले कार्यकारी समितिको स्वीकृति लिएर संघको भलोको लागि आवश्यक परेमा न्यायालयमा प्रतिरक्षाको निमित आवश्यक कदम चाल्नेछन् । अध्यक्षको हैसियतले अपिल गर्ने अधिकार निजमा निहित रहने छ।

१३.३ अध्यक्षले सबै प्रकारका अधिवेशनहरु बोलाउने छन् र सबै प्रकारका अधिवेशनहरु र बैठकहरुको अध्यक्षता गर्नेछन् ।

१३.४ अध्यक्षले संघको नाममा कुनै पनि बैंक वा बित्तिय संस्थामा चल्ती वा बचत खाता खोल्ने र संचालन गर्ने कार्य गर्न एवं गराउनेछन । निजले खाता खोल्ने, संचालन गर्ने, दस्तखत गर्ने, विल तिर्ने, स्वीकृति दिने, खातामा जम्मा गर्ने आदि हिसाब किताब सम्बन्धमा दस्तखत गर्नेछन ।

१३.५ माथि उल्लेख गरेको आर्थिक सम्बन्धि कुनै कार्य कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यलाई अधिकार हस्तान्तरण गर्न सक्नेछन् ।

१३.६ माथि जे व्यवस्था भएपनि अध्यक्ष बाहेक अरुले न्यायालय सम्बन्धि गर्ने कुनै काममा प्रतिनिधित्व गर्न कार्यकारी समितिले निर्णय गरि अधिकार पाएको पदाधिकारी वा सदस्य हुनुपर्ने छ।

१३.७ आवश्यक ठानेमा अध्यक्षले एक जना प्रवक्ता र कार्य समितिको सिफारिसमा अध्यक्षले २ जना कार्यकारी सदस्य दफा नंवर १०.२ बमोजिम मनोनित गर्न सक्ने छन् । प्रवक्ता नियुक्ति गर्न कार्य समितिले आवश्यक ठानेमा निर्वाचित पदाधिकारी वा सदस्य वा मनोनित सदस्यमध्येबाट छान्नुपर्ने छ ।

**दफा १४ उपाध्यक्ष:**

१४.१ उपाध्यक्षहरुको बरियताक्रमको सबन्धमा : खुल्ला प्रतिस्पर्धाबाट निर्वाचित भएर आउनुभएका दुई जना उपाध्यक्षहरु मध्ये निर्वाचनमा जसले बढी मताधिकार प्राप्त गरेको छ उसैलाई बरिष्ठ उपाध्यक्ष मानिने छ । सर्व सम्मत वा मनोनयनद्वारा निर्वाचित अवस्थामा भने निजले संघमा पुर्याएको योगदान, संस्थामा निभाएको पदिय जिम्मेवारी, संस्थामा काम गरेको कार्यकालको आधारमा बरिस्ठ उपाध्यक्षको कार्यसमितिको पूर्ण बैठकले चयन गर्ने छ।

१४.२ संघको बिधान वा कार्यकारी समितिले अन्यथा निर्णय गरेबाहेक सामान्य अवस्थामा अध्यक्षको अनुपस्थितिमा वा पद रिक्त भएको अवस्थामा अध्यक्षको सम्पूर्ण अधिकार, कर्तव्य, काम तथा दायित्व वरिस्ठ उपाध्यक्षले ग्रहण गर्नेछन् ।

१४.३ सामान्य अवस्थामा उपाध्यक्षले संघको क्रियाकलाप सुचारु रुपले संचालन गर्ने अध्यक्षको सम्पूर्ण काम, कर्तव्य र जिम्मेवारीलाई पूरा गर्न साथ दिने तथा निर्वाह गर्नेछन् ।

**दफा १५: महासचिव**

१५.१ महासचिवको काम कर्तव्य संघको विभिन्न पत्राचार गर्नु, अभिलेख राख्नु, सम्पूर्ण प्रशासनीक कार्य सम्पादन गर्नु हुनेछ।

१५.२ आर्थिक कार्य बाहेक संघको बैठकहरु तथा अधिवेशन-महाधिवेशनहरुको कार्य विवरण-निर्णय (माईनुट) लेख्न तथा संघको लेखापढी गर्नु र प्रशासनिक अभिलेख दुरुस्त राख्नु महासचिवको कार्य हुनेछ ।

१५.३ महासचिवले फ्रान्स सरकारको १ जुलाई १९०१ को कानूनको दफा ५ र १६ अगस्त १९०१ को सरकारी निर्णयले (DECRET) तोकेको दफा ६ र ३१ अनुसारको रजिष्टर पुस्तिका प्रयोग गर्नेछन।

१५.४ संघमा कर्मचारीहरु नियुक्त भएको अवस्थामा निजहरुलाई निर्देशन दिने र निजहरुको कार्य व्यवस्थापन गर्ने महासचिवको कार्य हुनेछ।

**दफा १६: सचिव**

१६.१ संघको विधानले वा कार्यकारी समितिले अन्यथा निर्णय गरेको अवस्थामा बाहेक महासचिवको अनुपस्थितिमा वा पद रिक्त भएको अवस्थामा महासचिवको सम्पूर्ण काम, कर्तव्य, अधिकार एवं दायित्व सचिवको जिम्मामा हनेछ।

१६.२ सामान्य अवस्थामा सचिवले संघको क्रियाकलाप सुचारु रुपले संचालन गर्न महासचिवको सम्पूर्ण काम तथा दायित्व तथा जिम्मेवारीलाई पूरा गर्न साथ दिने तथा सहयोगी भूमिका निर्वाह गर्ने छन् ।

**दफा १७: कोषाध्यक्ष**

१७.१ संघको आर्थिक काम कारवाही कोषाध्यक्षको कार्य तथा दायित्व हुनेछ । अध्यक्षको रेख देखमा निजले संघको आम्दानी बुझ्ने र खर्च गर्ने कार्य गर्नेछन् ।

१७.२ कोषाध्यक्षले संघको सम्पूर्ण आर्थिक कारोबारको नियमित लेखा राख्नेछन् र संघको विधानमा उल्लेख भएअनुसार सम्पूर्ण हिसाव महाधिवेशनमा पेश गर्नेछन् ।

१७.३ कोषाध्यक्षले संघको नाममा कुनै पनि बैंक वा वित्तिय संस्थामा चल्ती तथा बचत खाता खोल्ने र संचालन गर्ने कार्य गर्न तथा गराउनेछन् । निजले खाता खोल्ने, संचालन गर्ने, दस्तखत गर्ने, बिल तिर्ने, आम्दानी लिने, स्वीकृति दिने, खातामा रकम जम्मा गर्ने आदि आर्थिक काम गर्नेछन् ।

१७.४ संघको नाममा भएको चलअचल सामग्री तथा सम्पत्तिको अभिलेख राख्ने, संचालन गर्ने जिम्वेवारी कोषध्यक्षको हुनेछ ।

**दफा १८: सह-कोषाध्यक्ष**

१८.१ कोषाध्यक्षको अनुपस्थितिमा वा पद रित अवस्थामा संघको विधानले वा कार्यकारी समितिले अन्य व्यवस्था नगरेको अवस्थामा कोषाध्यक्षको सम्पूर्ण कार्य र दायित्व सह कोषाध्यक्षले बहन गर्नेछन् ।

१८.२ सामान्य अवस्थामा सह कोषाध्यक्षले संघको आर्थिक र चलअचल भौतिक सम्पत्ति वारेको क्रियाकलाप सुचारु रुपले संचालनगर्न कोषाध्यक्षलाई हर प्रकारले साथ दिई सहयोगी भूमिका निर्वाह गर्नेछ ।

**दफा १९: प्रवक्ता**

१९.१ कार्य समितिले आवश्यक ठानेमा कार्य समितिबाट एकजना प्रवक्ता मनोनित गर्न सक्ने छ। प्रवक्ता पदाधिकारी पद हुनेछ ।

१९.२ कार्य समितिको नीति र काम कारबाहीबारे अध्यक्ष र महासचिवको नजिक रहेर तिनको सुझाव र सल्लाहमा परिषदको दृष्टिकोण सार्वजनिक गर्ने ।

१९.३ कार्य समिति र संचार माध्यमबिच समन्वय गर्ने, कार्य समितिको विभिन्न गतिविधिको सूचना प्रवाह गर्ने गराउने ।

१९.४ आचार संहिताको पालना गर्दै कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने ।

**दफा २०: महिला संयोजक**

२०.१ महिला संयोजक महाधिवेशनबाट निर्वाचित पदाधिकारी पद हनेछ । फ्रान्स भित्र वसोवास गरेका गैर आवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीहरुको हितकोलागि संजाल निर्माण गर्नु महिला संयोजकको काम हुनेछ।

२०.२ फ्रान्स भित्र बस्ने गैर आवासीय नेपाली महिलाहरुको सबै प्रकारको हक हित र अधिकार प्राप्तिको लागि सहयोगी भूमिका निभाउने । यसकालागि आवश्यक विषयहरुमा भेला, बैठक, कार्यशाला, तालिमको आयोजना गर्ने ।

२०.३ महिला सम्बन्धि क्रियाकलपाकका लागि अर्धवार्षिक र वार्षिक कार्य तालिका तयार पारी उक्त योजनालाई राष्ट्रिय समन्वय परिषदको बैठकबाट अनुमोदन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद महिला संयोजकलाई जानकारी दिने ।

२०.४ आचार संहिताको पालना गर्दै कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

**दफा २१: युवा संयोजक**

२१.१ युवा संयोजक महाअधिवेशनवाट निर्वाचित पदाधिकारी पद हुनेछ । फ्रान्स भित्र वसोवास गरेको गैर आवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीहरुको हितकोलागि संजाल निर्माण गर्न युवा संयोजकको काम हुनेछ । युवा भन्नाले निर्वाचन हुने मितिमा ४० वर्ष उमेर ननाघेका महिला वा पुरुष दुवैलाई सम्झनु पर्नेछ ।

२१.२ कार्य समितिमा भाग लिंदै विशेषत युवाहरु र १८ वर्ष भन्दा मुनिका नयाँ पुस्ताका गैर आवासीय नेपालीहरुलाई नेपाल र नेपालीसमुदायप्रति आस्थावान बनाउन विभिन्न सभा, गोष्टी, कार्यशाला, तालिम तथा खेलकूद आदिको आयोजना गर्ने ।

२१.३ माथिको विषयहरुलाई पूरा गर्न अर्ध वार्षिक र वार्षिक कार्य योजना तयार गरि कार्य समितिको स्वीकृति लिने र सोको जानकारी अन्तर्राष्ट्रिय युवा संयोजकलाई दिने ।

२१.४ आचार संहिताको पालना गर्दै कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने ।

२१.५ सोह्र वर्ष देखि २३ वर्ष सम्मका दोस्रो वा तेस्रो पुस्तालाई समेट्दै एनआरएनए एनसिसी फ्रान्स जुनियर परिषद खडा गर्न सकिने छ । यस्तो परिषदमा पाँच देखि ११ जनासम्मको समिति बनाईने छ । तिनलाई एनआरएनए र नेपालसित जोड्ने हरेक कार्यक्रम सञ्चालन गर्ने जिम्मा युवा संयोजकको रहने छ ।

**दफा २२: निर्वाचित तथा मनोनित सदस्य**

२२.१ राष्ट्रिय समन्वय परिषद फ्रान्सको कार्य समितिमा पदमुक्त हुने कार्यसमितिले तोकेको आधारमा महाधिवेशनबाट निर्वाचित सदस्य संख्या हुनेछ र आवश्यक परेमा नयाँ कार्य समितिको परामर्शमा अध्यक्षले २ जना सदस्य मनोनित गर्ने छ । महाधिवेशनबाट निर्वाचित वा कार्यसमितिबाट मनोनित सदस्य जोसुकै भएपनि एउटै अधिकार र कर्तव्य हुनेछ । राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा सदस्यको हैशियतले तिर्नुपर्ने शुल्क चुक्ता नगरेका ब्यक्तिहरु समन्वय परिषदका कुनैपनि कार्यकारी पदमा उम्मेदवार बन्न वा मनोनित हुन पाउने छैनन् ।

२२.२ आचार संहिताको पालना गर्दै कार्य समितिको सबै प्रकारको क्रियाकलापमा भाग लिइ संघको लक्ष्य प्राप्तिको लागि आफ्नो अधिकतम क्षमता र समय प्रयोग गर्नु सदस्यहरुको कर्तव्य हुनेछ।

२२.३ कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

**दफा २३: संरक्षक वा संरक्षक परिषद**

२३.१ गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद फ्रान्स वा अन्तर्राष्ट्रिय समन्वय परिषदमा संग्लग्न भइ संघको अभियानमा महत्वपूर्ण योगदान दिइसकेका र नेपाली समुदायमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका प्रतिभाशाली ब्यक्तिहरु मध्ये बढीमा पाँच (५) व्यक्तिहरुलाई कार्यसमितिले संरक्षकमा मनोनय गर्नेछ । प्रमुख संरक्षककालागि कार्य समितिको बहुमतले ब्यक्तिको राष्ट्रिय समन्वय परिषदमा योगदान हेरी निर्णय गर्ने छ ।

संरक्षकको भूमिका गैर आवासीय नेपालीहरुबिच एकता कायम गर्ने, संघको क्रियाकलापमा सधैं सहयोगी रहने र राष्ट्रिय समन्वय परिषदको अस्थित्वमा ठूलो संकट आएमा संकटबाट जोगाउने हुनेछ । यसको कार्यकाल दुइ वर्षको हुनेछ भने पदावधिको सिमा हुने छैन।

२३.२ संरक्षक वा संरक्षक परिषदको अधिकार राष्ट्रिय समन्वय परिषदको हरेक सूचनाहरू प्राप्त गर्ने र सबै तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

२३.३ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिन पाउने तर मताधिकार हने छैन ।

२३.४ राष्ट्रिय समन्वय परिषद विविध कारणले निष्क्रिय रहन गएमा वा अत्यन्त विवादित भइ विभाजित हने अवस्था आएमा राष्ट्रिय समन्वय परिषदलाई बैठक वस्न निर्देशन दिने । उचित समयमा बैठक बस्न नसकेमा प्रमुख संरक्षकले नै कार्य समिति सहित सल्लाहकारहरु समेतको संयुक्त बैठक बोलाउने र अन्तर्राष्ट्रिय समन्वय परिषदको समेत परामर्श लिई संघको संरक्षणको लागि उचित कदम चाल्ने ।

२३.५ संरक्षक  संरक्षक परिषद्को काम कर्तव्यः राष्ट्रिय समन्वय परिषदले अवलम्वन गर्ने हरेक नीति अनुसार काम सम्पादन गर्ने, परिषदका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गर्ने, आफ्नो अधिकतम क्षमता र समय प्रयोग गर्ने ।

२३.६ राष्ट्रिय समन्वय परिषदको अनुरोध बमोजिम राष्ट्रिय एव अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधित्व गर्ने र यसले अनुरोध गरेको अन्य कार्यहरु गर्ने ।

**दफा २४: सल्लाहकार समिति**

२४.१ संघको विश्वव्यापी अभियानमा तथा राष्ट्रिय समन्वय परिषदको कार्य समितिमा महत्त्वपूर्ण योगदान गरिसकेको, नेपालीलाई सहयोग र प्रवर्धन गर्न चाहने पब्जिकृत सदस्यहरु मध्ये बढीमा ११ जनालाई चालु कार्यसमितिले मनोनय गर्न सक्नेछ । निजहरुको शिप क्षमता र अनुभवलाई संघको हितमा लगाउने यो सल्लाहकार समितिको उद्देश्य हुनेछ ।

२४.२ सल्लाहकार समितिको काम कर्तव्य र अधिकार दफा २३.४ वाहेक संरक्षक परिषदकै कायम हुनेछ ।

**दफा २५: राष्ट्रिय समन्वय परिषदको क्षेत्रीय समिति**

२५.१ फ्रान्सको भौगोलिक बनोट, गैर आवासीय नेपालीहरुको वसोवासको घनत्व र सो क्षेत्र भित्र बस्ने गैर आवासीय नेपालीहरुको उचित सहभागिताको आधारमा राष्ट्रिय समन्वय परिषदले क्षेत्रीय समितिहरु स्थापना गर्न सक्नेछ ।

२५.२ फ्रान्सको प्रशासनिक क्षेत्रलाई मानिने छ । एक क्षेत्र भित्र एक भन्दा धेरै क्षेत्रिय समिति हने छैन।

२५.३ कुनै क्षेत्र भित्र वसोवास गर्ने घटीमा १० जना पन्जिकृत सदस्यहरुले सो क्षेत्रमा क्षेत्रीय समिति स्थापना गर्न कार्य समितिलाई लिखित अनुरोध गरेमा कार्य समितिले अध्यन गरेर ३ महिना भित्रमा क्षेत्रीय समिति खोल्ने वा नखोल्ने निर्णयको जानकारी दिनेछ।

२५.४ क्षेत्रीय समिति राष्ट्रिय समन्वय परिषदको मातहतमा रहने क्षेत्रीय प्रतिनिधि हुनेछ। २५.५ क्षेत्रीय समितिमा १ जना क्षेत्रीय संयोजक, १ जना आर्थिक प्रमुख र १ जना प्रशासन प्रमुख क्षेत्रीय अधिवेशनबाट २ वर्षको लागी निर्वाचित हुनेछन् । क्षेत्रीय अधिवेशनबाट निर्वाचित हुननसकेको खण्डमा राष्ट्रिय समन्वय परिषदको निर्देशन र स्वीकृतिमा आपसी सहमतिमा हुनेछ । क्षेत्रीय संयोजकको मर्यादाक्रम राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्य सरह हुनेछ।

२५.६ क्षेत्रीय समितिको आफ्नै बैंक खाता हुने छैन, राष्ट्रिय समन्वय परिषदकै बैंक खाता संचालन हनेछ।

२५.७ क्षेत्रीय संयोजकले राष्ट्रिय समन्वय परिषदको परामर्शमा आफ्नो क्षेत्रमा सभा, भेला, गोष्ठी तथा संघको उद्देश्य प्राप्तिको लागि विभिन्न क्रियाकलाप आयोजना गर्नेछ ।

२५.८ क्षेत्रीय संयोजकले राष्ट्रिय समन्वय परिषदको सूचना, निर्देशन, कार्यक्रम आदिको जानकारी क्षेत्रीय समितिलाई दिनुपर्नेछ।

२५.९ क्षेत्रीय समितिको काम, कर्तव्य र अधिकार राष्ट्रिय समन्वय परिषदले तोक्ने छ र यसको गठन गर्ने र विघटन गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ । क्षेत्रीय समितिको राष्ट्रिय समन्वय परिषद्कै चिन्ह र छापमा क्षेत्रको नाम .......थपिने छ।

**दफा २६: अधिवेशनहरु**

२६.१ साधारण तथा विशेष अधिवेशनहरुमा अधिवेशनको सूचनापत्र तयार गर्ने समयसम्म संघलाई तिर्नुपर्ने शुल्क बुझाएका सम्पूर्ण सदस्यहरु सहभागी हुनेछन् ।

२६.२ अधिवेशनको निर्णयहरु सबै अवस्थामा सबैलाई लागू हुनेछ । अधिवेशनहरु साधारण र विशेष हुने छन् ।

**दफा २७: साधारण अधिवेशन**

२७.१ साधारण अधिवेशन वर्षको १ पटक बोलाइनेछ । विशेष अधिवेशन भने आवश्यता अनुसार जति पटक पनि बोलाउन सकिनेछ अथवा अध्यक्षले अथवा ५१ प्रतिशत सदस्यहरुले अनुरोध गरेमा बोलाउनु पर्नेछ ।

२७.२ साधारण अधिवेशन छलफलको विषयहरु कार्यकारी समितिले तयारगरि तोक्ने छ । यस्ता छलफलका विषयहरु अधिवेशन बोलाएको सूचना पत्रमा उल्लेख हुनुपर्नेछ । साधारण अधिवेशन बोलाएको सूचनापत्र संघको महासचिवले अधिवेशन हुनुभन्दा १५ दिन अघि पठाउनुपर्ने छ ।

२७.३ अधिवेशनमा निर्णय गराउनुपर्दा सूचनापत्रमा उल्लेख भएका विषयहरुमा मात्र गर्नुपर्नेछ । उपस्थित बहुमतले वार्षिक साधारण सभामा छलफल भई प्रस्तुत गरिएका निर्णयहरु पारित गर्न सक्नेछ। ति निर्णय पास गर्नकोलागि पन्जिक्रित सदस्यको कम्तिमा ५१ प्रतिशत उपस्थिति अनिवार्य हुने छ ।

२७.४ राष्ट्रिय समन्वय परिषदले गरेको क्रियाकलापहरुको मूल्यांकन गर्ने, नयाँ कार्यक्रमहरुको छलफल गर्ने र अनुमोदन गर्ने।

२७.५ परिषदको अध्यक्षले पेश गरेको नैतिक प्रतिवेदन, महासचिवको क्रियाकलापको प्रतिवेदन र कोषाध्यक्षको आर्थिक नीति र प्रतिवेदन अनुमोदन गर्ने ।

२७.६ प्रत्येक १२ वर्षमा कार्य समितिको लागि नयाँ निर्वाचन गराउन निर्वाचन आयोग गठन गरेर निर्वाचन सम्पन्न गर्ने ।

२७.७ प्रत्येक दुई वर्षमा हुने संघको विश्व सम्मेलन तथा महा अधिवेशनमा भाग लिने प्रतिनिधिहरु चयन गर्ने ।

**दफा २८: विशेष अधिवेशन**

२८.१ कार्यकारी समितिले प्रस्ताव गरेमा वा ५१ प्रतिशत पदाधिकारी वा पन्जिकृत सदस्यले माग गरेमा संघको विशेष अधिवेशन बोलाइनेछ । विशेष अधिवेशनको कार्य संघको बिधान संशोधन गर्न, संघ विघटन गर्न, समान उद्देश्य भएको अर्को कुनै संघमा मिलाउन अथवा यसैसँग सम्बन्धित अन्य संघहरुको महासंघ भित्र आबद्ध गराउन र संघमा असाधारण अवस्था आइपरेमा सोको समाधान खोज्न मात्र हुनेछ ।

२८.२ यस्ता विशेष अधिवेशन संघको अध्यक्षले २१ दिन अघि सूचनापत्र द्वारा बोलाउनुपर्नेछ ।

२८.३ विशेष अधिवेशनको बोलाईएको पत्रमा छलफलको विषयहरु तथा बिधान संशोधन गर्ने उद्देश्य भएमा संशोधन हने सबै बँदाहरु प्रस्तावमा लेखिनु पर्नेछ । अधिवेशनमा कुल पन्जिक्रित सदस्यको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित हनुपर्ने छ ।

२८.४ उपस्थित बहुमत सदस्यहरुलाई कार्यकारी समितिका पदाधिकारीले उपस्थित सभासदलाई उपस्थित पुस्तिकामा दस्तखत (उपस्थित) गराउने छन् ।

२८.५ यदि गणपुरक संख्या (कोरम) नपुगेमा १५ दिन पछि पुन: विशेष अधिवेशन बोलाईनेछ । यसरी दोस्रो पटक बोलाइएको विशेष अधिवेशनमा जतिसुकै संख्यामा उपस्थित पंजीकृत सदस्यहरुको बहुमतको आधारमा प्रस्तावित विषयमाथि भएको निर्णय मान्य हुनेछ।

**दफा २९: निर्वाचन र निर्वाचन समिति**

२९.१ प्रत्येक दुई वर्षमा हुने कार्य समितिको निर्वाचन र विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरुको निर्वाचन सम्पन्न गर्नको लागि कार्य समितिले एक संयोजक र चार सदस्य रहने गरि कुल पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने छ र निर्वाचन संयोजकको हकमा पूर्व अध्यक्षहरु, पूर्व आइसिसिहरु, संस्थापक तथा संरक्षकहरु मध्येबाट एक जना संयोजक रहने छ ।

२९.२ निर्वाचन समितिले कार्य समितिले दिएको जिम्मेवारी अनुसार संघको बिधानहरु र आचार संहिताको पालना गर्दै निष्पक्ष निर्वाचन सम्पन्न गर्नेछ । निर्वाचन समितिको संयोजक वा सदस्यहरु कुनैपनि पदको उमेदवार हुन सक्नेछैन । तर मतदान गर्न र अन्तर्राष्ट्रिय प्रतिनिधि हुन भने योग्य हुनेछन् ।

२९.३ अन्तर्राष्ट्रिय समन्वय परिषदको लागि प्रतिनिधि सदस्य, राष्ट्रिय समन्वय परिषदको कार्यकारी पदाधिकारीहरु र सम्पूर्ण सदस्यहरु एवं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाअधिवेशनमा भाग लिने प्रतिनिधिहरु महाअधिवेशनमा पन्जिकृत सदस्यहरु द्वारा निर्वाचित हुनेछन् ।

२९.४ अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य र राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा उमेदवार हुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा घटीमा एक कार्यकाल काम गरेको अनुभव हनु पर्नेछ।

२९.५ पन्जिकृत सदस्यता वितरणको समय सीमा हुनेछैन । तर कार्य समितिको निर्वाचन हुने मितिले १ महिना भित्र सदस्यता लिने सदस्यहरुले निर्वाचनमा उमेदवार बन्न र मतदान गर्न सक्ने छैनन् । तर महाधिवेशनमा भाग लिन र विश्व सम्मेलनमा प्रतिनिधि भई जान भने योग्य हुनेछन् ।

२९.६ निर्वाचनको सिलसिलामा यदि कुनै पदमा उमेदवारी नपरेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको प्रतिनिधि सदस्य र अध्यक्ष पद बाहेक अन्य पद नयाँ कार्य समितिले मनोनयन द्वारा पूर्ति गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको प्रतिनिधि सदस्य र अध्यक्षको हकमा भने नयाँ कार्य समितिले दुई महिना भित्रमा पुनः निर्वाचनको आयोजना गरेर पद पूर्ति गर्नेछ।

२९.७ निर्वाचन प्रयोजनको लागि कार्य समितिले निर्वाचन समितिलाई पन्जिकृत सदस्यहरुको नामावली र आवश्यक अन्य कागज पत्र समयमै उपलब्ध गराउनेछ र हरेक पदको लागि लाग्ने उमेदवारी शुल्क पनि तोक्ने छ।

२९.८ कार्य समितिले तोकेको दिनमा निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचन समितिले अपनाउनु पर्ने प्रक्रिया; मतदाता नामावली प्रकाशन, उमेदवारहरुको उमेदवारी आव्हान र दर्ता, उमेदवार वा मतदाताको दावी विरोध,

उमेद्वारी फिर्ता, उमेदवारको अन्तिम नामावली प्रकाशन आदिको समय तालिका उचित समयभित्र सार्वजनिक गर्नुर्नेछ ।

२९.९ संघको बिधान, नियमावली एवं आचार संहिताको पलानागर्दै निर्वाचन सम्वन्धि नीति-नियम निर्माण गरि लागू गर्न निर्वाचन समिति पूर्ण स्वतन्त्र हुनेछ । निर्वाचन समितिको निर्णय अन्तिम निर्णय हनेछ।

२९.१० महाधिवेशन तथा निर्वाचन कार्यक्रममा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको प्रतिनिधिको समेत उपस्थिति हुनेछ । निर्वाचनको मत गणना पश्चात निर्वाचन समितिको संयोजकले मत घोषणा सार्वजनिक गर्नेछ र बिजयी अध्यक्षलाई पदको गोपनियताको शपथग्रहण गराउनेछ । शपथ ग्रहण भएपछि विजयीहरुले कार्यभार सम्हाल्ने छन् । शपथग्रहण भई प्रमाणपत्र वितरण भएपश्चात निर्वाचन समिति स्वत: भंग हुनेछ । शपथको नमुना अनुसूची 'क' मा संलग्न छ।

२९.११ एनआरएनए फ्रान्सको निर्वाचनका लागि कुनै पनि पदमा उमेदवारी दिनको लागि उमेदवारी शुल्क तोक्दा एक हजार युरोभन्दा बढी तोक्न पाइने छैन ।

**दफा ३०: आन्तरिक नियम**

३०.१ कार्य समितिले संघको आन्तरिक नियमावली तयार गरि लागु गर्न सक्नेछ । यस्तो नियमावली महाधिवेशनले अनुमोदन गर्नुपर्नेछ।

**दफा ३१: संघको प्रतिक चिन्ह**

**३१.१** यस संघमा गैर आवासीय नेपाली संघको प्रतिक चिन्ह हुनुको साथै पहिलो कार्यकारी समितिले छानेर लागु गरेको आफ्नै अर्को प्रतिक चिन्ह पनि हुनेछ ।

**दफा ३२: अनुशासन समिति**

३२.१ कार्य समितिले आवश्यक ठानेमा एक अनुशासन समिति गठन गर्नसक्ने छ । यसमा संस्थापक, संरक्षक परिषद, सल्लाहकार समिति र पञ्जिक्रित सदस्यहरु मध्येबाट एक एक जनालाई अनिवार्यरुपमा छनौट गरी पाँच सदस्यिय समिति गठन गरिने छ ।

**दफा ३३: संघको विघटन**

**३३.१** विशेष अधिवेशनमा मताधिकार भएका घटीमा ७५ प्रतिश सदस्यहरुले संघको विघटनमा मत प्रकट गरेमा संघ विघटन हुने छ। यदि संघ विघटन भएमा संघको सम्पूर्ण सम्पत्ति गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद (एनआरएनए आइसिसी) लाई हुनेछ ।

**अनुसूची १: संघको शपथ**

म.................................. (नाम थर) सत्यनिष्ठा एवं विवेकपूर्वक शपथ लिन्छु कि गैर आवासीय नेपाली संघको यो बिधान र यसको अधिनमा बन्ने नियम उपनियमहरुको साथै फ्रान्सको संघ संगठन ऐन १९०१ को पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएको अख्तियारीको दुरुप्रयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपालीसँगको मूल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताकासाथ आत्मासाथ गर्ने मेरो प्रतिवदतालाई अभिव्यक्त गर्दछु।

(टीप्पणी : यो नेपाली भाषाको विधानमा कुनै विषयमा वा शब्दार्थमा फरक मत वा व्याख्या भएमा फ्रान्सेली भाषाको विधानलाई मूल आधार मानिनेछ ।)

गैर आवासीय नेपाली संघ फ्रान्सको विधान २००६, २०११, २०१५, २०२१ को संशोधन

**समाप्त**